वितरणपूर्व जाँच

**आइ किहारा–हन्टको वक्तव्य**
**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल**
**विश्व खाद्य दिवसको स्मरणमा**
**खाद्य अधिकारका लागि राष्ट्रिय सञ्जालद्वारा आयोजित गोष्ठीमा प्रस्तुत**

२०६४ असोज २९

प्रिय खाद्य अधिकारका लागि राष्ट्रिय सञ्जालका प्रतिनिधि, सञ्चारकर्मी, सहकर्मी तथा मित्रहरू :

विश्व खाद्य दिवस मनाउन तपाईंहरूसँग आज यहाँ आउँदा म धेरै खुसी छु र यस गोष्ठीको प्रबन्ध गरेकोमा आयोजकहरूलाई बधाई दिन चाहन्छु।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्बरले यस दिवसको स्मरणमा दिनुभएको आफ्नो वक्तव्यमा भन्नुभएझैं पर्याप्त खाद्यमाथिको पहुँच सुनिश्चित गर्ने तथा भोकै बस्नुपर्ने अवस्था आउन नदिने कुरा विकासको मुद्दा मात्र होइन यो मानवअधिकारका लागि अपरिहार्य पनि छ। पर्याप्त खाद्यमाथिको अधिकार मानवअधिकारको विश्वव्यापी घोषणापत्र, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि तथा अन्य धेरै अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूमा प्रत्याभूत गरिएको मानवअधिकार हो। जुनसुकै जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक मत, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका भए पनि सबै मानिसहरू – पुरुष तथा महिला – हरूमा यो अधिकार रहेको हुन्छ। तर, प्रत्येकसँग पर्याप्त मात्रामा खाद्यमाथिको पहुँच भएमा, प्रत्येकले साँस्कृतिक परम्पराको सम्मान गरेमा र भयमुक्त भई पूर्ण तथा मर्यादित जीवन सुनिश्चित गरेमा मात्र यो अधिकार हासिल हुन्छ।

सबैका लागि खाद्यको अधिकार पूर्णतया हासिल गर्न धेरै चुनौतीहरू रहेको कुरा साँचो हो। वास्तवमा अवरोधका रूपमा खडा हुन सक्ने धेरै मुद्दाहरू छन् : भेदभाव तथा सशस्त्र द्वन्द्व तीमध्ये पर्दछन्। सन् १९९६ यता भोकै बस्नुपर्ने अवस्थाबाट पीडित हुने मानिसहरूको सङ्ख्या प्रत्येक वर्ष बढेको रिपोर्टहरूले जनाउँछन्।

तर, काम भोलि-पर्सि भन्दा पनि अहिल्यै सुरु हुनुपर्छ। उच्चायुक्तको कार्यालय–नेपालले राजनीतिक तथा नागरिक अधिकारको सम्मान सुनिश्चित गर्नमा रहेका धेरै चुनौतीहरूका बाबजुद आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका क्षेत्रहरूमा आफ्नो काम विस्तार गर्न जारी राखेको छ। खाद्य अधिकार सुनिश्चित गर्नेतर्फ तपाईंहरू सबैसँग काम गर्न हामी प्रतीक्षारत छौं।

धेरै धन्यवाद।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel: 4280164 ext.321, 98510.16922 (m) or mlogan@ohchr.org**